# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुलखर्क, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

सूचना नं. ८३-२०८२/८३ *"संस्कृति, पर्यटन, कृषि र पूर्वाधारः समावेशी सुनकोशी समृद्धिको आधार"*

## बुङ्ग आलु वीउ संरक्षण र प्रवर्धन कार्यक्रमको पुनः प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

(चौथो पटक सूचना प्रकाशित मितिः २०८२/१२/०५)

सुनकोशी गाउँपालिकाको चालु **आ.व. २०८२/८३** को प्रदेश सशर्त अनुदान तर्फको वार्षिक स्वीकृत कार्यक्रम अनुसार सुनकोशी गाउँपालिका वडा नं. ९ मा तोकिएको **बुङ्ग आलु वीउ संरक्षण र प्रवर्द्धन कार्यक्रम** सञ्चालन गर्नुपर्ने भएको हुँदा आवश्यक पूर्वाधारहरु भएका र लागत साझेदारीमा एउटै कल्स्टर तथा चक्लाबन्दी बनाई कार्यक्रम सञ्चालन गर्न तेस्रो पटक सूचना अवधि भित्रमा कुनै पनि आवेदन नपरेकोले पुनः यस सुनकोशी गाउँपालिका वडा नं. ९ क्षेत्र भित्रका इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुबाट प्रस्ताव आव्हानको लागि पुनः सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र तपसिल बमोजिमका कागजातहरु संलग्न राखी सुनकोशी गाउँपालिका कृषि विकास शाखामा निवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

- लिखित निवेदन।
- आवेदकको नेपाली नागारिकताको प्रमाणपत्र प्रतिलिपि।
- कृषक समूह/कृषि सहकारी/कृषि कम्पनी तथा कृषि फर्मको हकमा संस्थाको दर्ता तथा नवीकरण प्रमाणपत्र, (PAN/VAT) दर्ता प्रमाण पत्र र अघिल्लो आ.व. २०८१/८२ को कर चुक्ताको प्रमाण पत्र र कृषि सहकारी तथा कृषक समूह बैठकको निर्णय प्रतिलिपिहरु।
- सम्बन्धित वडा तथा कल्स्टरमा खटिएका कृषि प्राविधिकको कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुने सिफारिस तथा प्राविधिक संभाव्यता प्रतिवेदन।
- सम्बन्धित वडा तहको कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।
- यस अघि प्रस्तावित कामको लागि अन्य सरकारी तथा गैर सरकारी निकायबाट अनुदान रकम नलिएको स्वःघोषणा पत्र।
- आवेदक वा निजको परिवारको स्वामित्वमा प्रर्याप्त जग्गा भएको जग्गा-धनी प्रमाण पुर्जाको प्रतिलिपि यदि जग्गा लिजमा लिएको भए २० बर्ष सम्मको करारनामा वा सम्झौता पत्र।
- प्रदेश सरकारको स्थानीय कार्यक्रम सम्बन्धी मार्गदर्शन, २०८२ अनुसार ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्वता पत्र।

..................................

(लोकेन्द्र बहादुर राई)

प्रमुख प्रशासकीय अधिकृत

Email:- ito@sunkoshimunokhaldhunga.gov.np / sunkoshee@gmail.com CAO:-9852887800
Website:- www.sunkoshimunokhaldhunga.gov.np Info Officer:-9852887799
Facebook Page:- https://www.facebook.com/sunkoshirm.okhaldhunga